


## मेसीको गोल

- यो जारी विश्वकपको १ सयौं गोल।
- मेसीले ६ सय ६० मिनेटपछि विश्वकपमा गोल गरेको।
- पछिल्लो पटक २०१४ विश्वकपमा नाइजेरियाविरुद्ध गोल गरेको।
- यो खेलपछि ६ खेलमा गोल गर्न नसकेको।

# मेसी र रोजोको गोलमा अर्जेन्टिनाको उद्धार



मस्को, (एजेन्सी)

नाइजेरियालाई हराउँदै अर्जेन्टिना रुसमा जारी विश्वकप फुटबलअन्तर्गत अन्तिम १६ मा प्रवेश गरेको छ।

मंगलबार राति भएको खेलमा नाइजेरियालाई २-१ गोलले हराउँदै अर्जेन्टिना समूह 'डी' को उपविजेताका रूपमा नकआउट चरणमा पुगेको हो। टोलीको जितमा लियोनेल मेसी र मार्कोस रोजोले गोल गरेका थिए। खेलको १४औं मिनेटमा मेसीले गोल गर्दै अर्जेन्टिनालाई अग्रता दिलाएका थिए। तर, ५१औं मिनेटमा नाइजेरियाले पेनाल्टी पायो। भिक्टर मोयसले पेनाल्टी मार्फत गोल गर्दै खेल बराबरीमा ल्याए।


८६औं मिनेटमा मार्कोस रोजोले गोल गरेपछि अर्जेन्टिना २-१ ले विजयी भयो।

यसै समूहको अर्को खेलमा आइसल्यान्डले जित्न नसकेपछि पनि अर्जेन्टिनाको अन्तिम १६ पक्का भएको थियो। अर्जेन्टिनाले समूह चरणको पहिलो खेलमा आइसल्यान्डसँग १-१ को बराबरी खेलेको थियो भने दोस्रो खेलमा क्रोएसियासँग ३-० गोलले पराजित भएको थियो। यो दुई नतिजापछि अर्जेन्टिनाको विश्वकपको यात्रा समाप्त हुने संकेत देखिएको थियो।

## क्रोएसिया समूह विजेता

समूह चरणका तीनवटै खेलमा जित निकालेको क्रोएसिया समूह 'डी' को विजेताका रूपमा विश्वकपको अन्तिम १६ मा पुगेको छ।

मंगलबार राति भएको समूह चरणको अन्तिम खेलमा आइसल्यान्डलाई २-१ गोलले हराउँदै क्रोएसियाले समूहमा शतप्रतिशत नतिजा निकाल्यो। क्रोएसियाको जितमा ५३औं मिनेटमा मिलन बडेलज र ९०औं मिनेटमा इभान राकिटिकले गोल गरे। आइसल्यान्डले ७६औं मिनेटमा पेनाल्टी मार्फत एक गोल फर्काएको थियो। यो समूहबाट नाइजेरियाले ३ अंक र आइसल्यान्डले १ अंक बनाउँदा विश्वकपबाट बाहिरिएका छन्।



## अंक तालिका

समूह 'ए'

| टोली | MP | W | D | L | GF | GA | PTS |
|---|---|---|---|---|---|---|---|
| उरुग्वे | ३ | ३ | - | ० | ५ | ० | ९ |
| रुस | ३ | २ | - | १ | ८ | ४ | ६ |
| साउदी अरेबिया | ३ | १ | - | २ | २ | ७ | ३ |
| इजिप्ट | ३ | - | - | ३ | २ | ६ | ० |

समूह 'बी'

| टोली | MP | W | D | L | GF | GA | PTS |
|---|---|---|---|---|---|---|---|
| स्पेन | ३ | १ | २ | - | ६ | ५ | ५ |
| पोर्चुगल | ३ | १ | २ | - | ५ | ४ | ५ |
| इरान | ३ | १ | १ | १ | २ | २ | ४ |
| मोरोक्को | ३ | - | १ | २ | २ | ४ | १ |

समूह 'सी'

| टोली | MP | W | D | L | GF | GA | PTS |
|---|---|---|---|---|---|---|---|
| फ्रान्स | ३ | २ | १ | - | ३ | १ | ७ |
| डेनमार्क | ३ | १ | २ | - | २ | १ | ५ |
| पेरु | ३ | १ | - | २ | २ | २ | ३ |
| अस्ट्रेलिया | ३ | - | १ | २ | २ | ५ | १ |

समूह 'डी'

| टोली | MP | W | D | L | GF | GA | PTS |
|---|---|---|---|---|---|---|---|
| क्रोयसिया | ३ | ३ | - | - | ७ | १ | ९ |
| अर्जेन्टिना | ३ | १ | १ | १ | ३ | ५ | ४ |
| नाइजेरिया | ३ | १ | - | २ | ३ | ४ | ३ |
| आइसल्यान्ड | ३ | - | १ | २ | २ | ५ | १ |

समूह 'ई'

| टोली | MP | W | D | L | GF | GA | PTS |
|---|---|---|---|---|---|---|---|
| ब्राजिल | २ | १ | १ | - | २ | ० | ४ |
| स्विजरल्यान्ड | २ | १ | १ | - | २ | ० | ४ |
| सर्बिया | २ | १ | - | १ | २ | २ | ३ |
| कोस्टारिका | २ | - | - | २ | ० | ३ | ० |

समूह 'एफ'

| टोली | MP | W | D | L | GF | GA | PTS |
|---|---|---|---|---|---|---|---|
| स्वीडेन | ३ | २ | - | १ | ५ | २ | ६ |
| मेक्सिको | ३ | २ | - | १ | ३ | ४ | ६ |
| दक्षिण कोरिया | ३ | १ | - | २ | ३ | ३ | ३ |
| जर्मनी | ३ | १ | - | २ | २ | ४ | ३ |

समूह 'जी'

| टोली | MP | W | D | L | GF | GA | PTS |
|---|---|---|---|---|---|---|---|
| बेल्जियम | २ | २ | - | - | ८ | २ | ६ |
| इंग्ल्यान्ड | २ | २ | - | - | ८ | २ | ६ |
| ट्युनिसिया | २ | - | - | २ | ३ | ७ | ० |
| पानामा | २ | - | - | २ | १ | ९ | ० |

समूह 'एच'

| टोली | MP | W | D | L | GF | GA | PTS |
|---|---|---|---|---|---|---|---|
| जापान | २ | १ | १ | - | ४ | ३ | ४ |
| सेनेगल | २ | १ | १ | - | ४ | ३ | ४ |
| कोलम्बिया | २ | १ | - | १ | ४ | २ | ३ |
| पोल्यान्ड | २ | - | - | २ | १ | ५ | ० |

# तीनै टोलीको बराबर सम्भावना

समूह 'एच' अन्तर्गत अन्तिम चरणको खेल आज हुँदै छ। जसमा सेनेगलले कोलम्बिया र जापानले पोल्यान्डसँग खेल्दै छन्। पोल्यान्ड दुई हारपछि प्रतियोगिताबाट बाहिरिसकेको छ। यसैले बाँकी तीन टोलीका लागि नकआउट चरणमा पुग्न बराबरी मौका पनि छ।

### सेनेगलविरुद्ध कोलम्बिया

सेनेगल र कोलम्बिया यी दुईमध्ये जो विजयी बन्छ त्यही टोलीले अन्तिम १६ मा स्थान पक्का गर्नेछ। तर, बराबरी भएमा अर्को खेलमा जापान पराजित हुनुपर्छ यी दुवै टोली अन्तिम १६ मा पुग्न। जापानको जित भएमा ३ अंक जोडेको कोलम्बिया बाहिरिनेछ भने सेनेगल ५ अंकसहित अर्को चरणमा पुग्नेछ।

यदि सेनेगललाई पराजित गरेमा भने ६ अंक जोड्दै कोलम्बिया अन्तिम १६ मा प्रवेश गर्ने अवसर पाउनेछ। यसअघिका दुई खेलमा सेनेगलले पोल्यान्डलाई २-१ ले तथा जापानसँग २-२ गोलको बराबरी खेल्दै ४ अंक जोडेको हो। त्यसैले सो खेलमा तुलनात्मकरूपमा सेनेगललाई भन्दा कोलम्बियालाई जितको दबाब अधिक रहेको छ। त्यसैले आक्रमणमा बढी जोड दिन सक्ने कोलम्बिया सेनेगलविरुद्ध ४-२-३-१ को रणनीतिमा मैदानमा उत्रने सम्भावना छ। यस्तै सेनेगलले भने ४-३-३ को रणनीति अपनाउन सक्नेछ। जसअनुरूप कोलम्बियाले फरवार्डमा राडामेल फाल्काओलाई स्थान दिन सक्नेछ। उनलाई बल असिस्ट गर्न तथा आक्रमणलाई तिखार्न एट्याकिङ मिडफिल्डमा जुआन कवाड्राडो, जुआन क्विनटारो, हेम्स रोड्रिग्वेज तथा डिफेन्सिभ मिडफिल्डमा कार्लोस सान्चेज र विल्मर बारिओसलाई खेलाउन सक्नेछ।

कोलम्बियाको आक्रमणलाई निस्तेज पार्न यता सेनेगलका गोलरक्षक खादिम एनडीएसहित मुस्सा वागुई, कालिडो काउलिबेली, सलिफ साने, युसुफ सबालीको रक्षापंक्ति घेरालाई हम्मे-हम्मे पर्न सक्छ। यस्तै हारबाहेक नतिजा अनुकूल रहने सेनेगलका अग्रपंक्ति सम्हालेका इस्माइला सर्र, एम्बाये निआङ र साडिओ मानेको आक्रमणलाई झेल्न पनि कोलम्बियाका गोलरक्षक डेभिड ओसपिनासहित डिफेन्डरहरू सान्तियागो आरियास, यार्री मिना, डेभिनसन सन्चेज, जोहान मोजिकालाई सजिलो हुने छैन।

सेनेगलको आक्रमणलाई चुस्त पार्न मिडफिल्डरहरू इद्रिसा गुइये, अल्फ्रेड एनडीए र चेख कुएटले बल उपलब्ध गराउन सक्नेछन्। सो खेलमा सेनेगलका विन्गर साडियो माने, स्ट्राइकर एम्बाये निआङ र डिफेन्डर कालिडो काउलिबेली चम्कन सक्ने छन्। यता कोलम्बियन टिम अट्याकिङ मिडफिल्डर हेम्स रोड्रिग्वेज, स्ट्राइकर राडामेल फाल्काओ र विन्गर जुआन कवाड्राडोको प्रदर्शनमाथि बढी निर्भर हुनेछ।

#### हेड टु हेड

यी दुईले सन् २०१४ को ३१ मेमा एकमात्र म्याच खेलेका छन्। अन्तर्राष्ट्रिय मैत्रीपूर्ण उक्त म्याचमा दुवै टोलीले २-२ गोलको बराबरी खेलेका थिए।

Vs

### जापानविरुद्ध पोल्यान्ड

समूह 'एच' अन्तर्गत बिहीबार हुने अन्तिम खेलमा एसियाली राष्ट्र जापानले युरोपेली राष्ट्र पोल्यान्डको सामना गर्नेछ। यस खेलमा जापानलाई अन्तिम १६ मा पुग्न जित अथवा कम्तीमा पनि धेरै गोलको बराबरीको आवश्यता रहेको छ। यसअघिका दुवै खेलमा पराजित भएर विश्वकपबाट बाहिरिसकेको पोल्यान्डलाई जापानविरुद्धको खेल प्रतिष्ठामा सीमित बनेको छ।

तर, जापानलाई भने अन्तिम १६ मा पुग्नका लागि धेरै महत्त्वपूर्ण बनेको छ। यसै समूहको सेनेगल र कोलम्बियाबीचको खेलको नतिजाले जापानको विश्वकप यात्रामा प्रभाव पार्ने भएकाले जापानलाई ढुक्क हुन जित नै आवश्यक रहेको छ। पछिल्ला दुई खेलमध्ये एकमा जित र अर्कोमा बराबरीको नतिजासँगै जापानले ४ अंक जोडेको छ। यदि पोल्यान्डलाई पराजित गरेमा भने ७ अंक जोड्दै जापान अन्तिम १६ मा प्रवेश गर्नेछ।


जितका लागि केन्द्रित हुने जापानले ४-२-३-१ को रणनीति अपनाउन सक्नेछ। यता पहिलो अंक जोड्न भौतारिरहेको पोल्यान्डले पनि ४-२-३-१ कै रणनीतिमा खेल्ने सम्भावना रहेको छ। जसअनुरूप पोल्यान्ड रोबर्ट लेवान्डोस्कीको स्ट्राइकिङसहित अट्याकिङ, मिडफिल्डरहरू डेभिड कवनाकी, पियोत्र जिलेन्स्की र कामिल ग्रोसिस्की अग्रपंक्तिले जापानी गोलरक्षक ईजी कवासिमासहित डिफेन्डरहरू वाटरू इन्दु, माया योसिदा, गेन सोजी, युटो नागाटोमो र डिफेन्सिभ मिडफिल्डर गाकु सिबासाकी र मोकोटो हासेबेलाई व्यस्त पार्न सक्नेछ।

यता जापानी फरवार्ड सिन्जी ओकाजाकीसहित मिडफिल्डरहरू केइसुके होन्डा, सिन्जी कागावा र ताकासी इनुईले आक्रमण बुन्ने क्रममा पोलिस गोलरक्षक लुकास्ज फाबियान्स्की तथा डिफेन्डरहरू लुकास्ज पिस्जजेक, थिआगो सियोनेक, कामिल ग्लिक, मासियेज राइबस र डिफेन्सिभ मिडफिल्डरद्वय जासेक गोरालस्की, कारोल लिनेट्टीको अग्निपरीक्षा लिन सक्नेछ। स्ट्राइकर रोबर्ट लेवान्डोस्की, मिडफिल्डर पिओत्र जेलिन्स्की र डिफेन्डर कामिल ग्लिक पोल्यान्डको मुख्य आकर्षण हुनेछ भने अर्कोतिर अट्याकिङ मिडफिल्डर सिन्जी कागावा, विन्गर ताकासी इनुई र स्ट्राइकर सिन्जी ओकाजाकीको प्रदर्शनको भरमा जापानले सनसनी नतिजा आत्मसात गर्न सक्नेछ।

#### हेड टु हेड

यी दुई राष्ट्रले एक-अर्काबीच दुईपटक मात्र खेलेका छन्। ती दुवै खेलमा जापान विजयी बनेको छ। सन् १९९६ मा भएको कार्ल्सबर्ग कपमा जापान ५-० ले र २००२ मा भएको अन्तर्राष्ट्रिय मैत्रीपूर्ण म्याचमा २-० ले विजयी बनेको थियो।

Vs



आफ्नो टोली हारेपछि रुदै एक जर्मन समर्थक

## आजको खेल

जापान Vs (एच) पोल्यान्ड
समय : बेलुकी ७:४५ बजे/ स्थान : भोल्गोग्राड एरेना, भोल्गोग्राड

सेनेगल Vs (एच) कोलम्बिया
समय : राति ७:४५ बजे/ स्थान : समारा एरेना, समारा

पानामा Vs (जी) ट्युनिसिया
समय : राति ११:४५ बजे/ स्थान : मोर्डोभिया एरेना, सारानस्क

इंग्ल्यान्ड Vs (जी) बेल्जियम
समय : राति ११:४५ बजे/ स्थान : कलीनीनग्राड स्टेडियम, कलीनीनग्राड

